# आज र भोलिको शिक्षामा विपीको सान्दर्भिकता

प्रा. डा. विद्यानाथ कोइराला


## लेखसार

यो लेखमा चतुर्कोणी विश्लेषण छ। पहिलो कोणमा विपी कोइरालाले शिक्षामा के सोचे भन्ने कुराको चर्चा छ। दोश्रो कोणमा उनैको राजनीतिक दल नेपाली काङ्ग्रेसले निर्वाचन घोषणापत्रमा के लेख्यो भन्ने बारेमा विश्लेषण छ। तेस्रो कोणमा नेपाली काङ्ग्रेसले जितेको पालिकामा शिक्षामा के के काम भयो भन्ने कुराको जानकारी छ। चौथो कोणमा परिवेश, पुस्तान्तरण तथा आधुनिक प्रविधिले ल्याएको परिवर्तनमा विपीको शिक्षालाई कसरी मिलाएर लाने भन्ने कुराको लेखाजोखा गरिएको छ।


## विपीको शैक्षिक सपना

शिक्षामा विपीले तीन कुरा खोजे। पहिलो, सामाजिक समतासहितको समानता। दोश्रो, शिक्षाको बलमा राष्ट्रिय एकता। तेश्रो, आर्थिक विकास। विपीको आत्मवृत्तान्त तथा अन्य साहित्यिक कृतिको अनुशीलनले त्यही भन्छ। बेलाबखतमा उनले गरेका भाषणले यही कुरामा पुट दिन्छ। सन् २०१२ को ओइसिडीको प्रतिवेदनले यही कुरालाई जोड दिन्छ। सन् २०३० सम्मका लागि यूनेस्कोले बनाएका समावेशी शिक्षाका दस्तावेजहरूले त्यसै भन्छन्। अमेरिकी शिक्षा विभागको शैक्षिक समानताको प्रारूपले यो कुरामा नैं जोड दिन्छ। ग्लोरियाको ड्रिम मेकर्स भन्ने पुस्तकले यही कुरालाई विषयवस्तु बनाएको छ। वेभ सिर्फङ्ग (nea.org) ले पनि यही कुरा उल्लेख गरेको छ। त्यो हो -शिक्षामा सबैलाई समतामूलक पहुँच हुनुपर्छ। त्यसका लागि गुणस्तरीय शिक्षक चाहिन्छ। शैक्षिक सामग्री चाहिन्छ। सुविधा चाहिन्छ। यो कार्य पूरा गर्न समावेशी वातावरण चाहिन्छ। नीतिमा। नियतमा। कक्षाकोठामा। शिक्षणकलामा। मूल्यांकनमा। अन्ततोगत्वा उपलब्धि वा नतिजामा पनि असल तथा खराब भनिएकाहरूको बिचमा पनि अन्तर कम हुनुपर्छ। त्यसका लागि लक्षित समूह ट्युशन सेवा चाहिन्छ। छात्रवृत्ति चाहिन्छ। प्रोत्साहन चाहिन्छ। अनि समतामूलक लगानी तथा निष्पक्ष मूल्यांकन गर्ने नीतिगत व्यवस्था चाहिन्छ। यति गरेमामात्र विपीले खोजेको सामाजिक समतासहितको शैक्षिक समानता हुन्छ। प्रश्न हो -विपीको अनुयायी नेपाली काङ्ग्रेसले यो काम गरेको छ त ? आफू संघीय सत्तामा हुँदा। पालिका तथा प्रदेशमा नेपाली काङ्ग्रेसको सरकार हुँदा। सरकारमा नभएको बेलामा अरूसँग मिलेर आफना एजेण्डा कार्यान्वयन गर्ने सहमति बन्दा।

## धार्मिक शिक्षा र विपी

शिक्षाले राष्ट्रिय एकता मजबूत बनाउनुपर्छ। नेपाली बहुलताले यो एकता खोजेको छ। विपीको सोचमा शिक्षाले त्यो कुरा दिनुपर्छ। ती बहुलतामध्ये धार्मिक बहुलताबाट सुरु गरौं। नेपालमा किराँत, गुरुङ, थारु, हिन्दू तथा वौद्ध समाजको रैथाने धर्म दर्शन छ। मुस्लिम तथा नव इसाइको आयातीत धर्म दर्शन छ। मुन्दुम किराँतको धर्मग्रन्थ हो। कें/ल्हुताँ प्हेताँ तथा केर्लो गुरुङको धर्मग्रन्थ हो। गुरुवक जलमौकी, वरकीमार, फूलवार थारुको धर्मग्रन्थ हो। त्रिपिटक तथा धम्मपद वुद्धमार्गीको धर्मग्रन्थ हो। कुरान तथा हदिस मुस्लिमको धर्मग्रन्थ हो। नव

इसाइको बाइवल धर्मग्रन्थ हो। वेद, उपनिषद, महाभारत रामायण हिन्दूको धर्मग्रन्थ हो। धर्म निरपेक्षता तथा धर्म सापेक्षतामा लडने लडाउने हामीले देशमा रैथाने तथा आयातीत धर्मग्रन्थको अनुशीलन गरेका छौं त ? त्यसो नगर्ने हो भने धार्मिक समावेशीता हुन्छ त ? जस्तो भनौं धम्मं (पाली भाषामा धम्म भनेको संस्कृत भाषामा धर्म हो) शरणं गच्छामि, वुद्धं शरणं गच्छामी, संघं शरणं गच्छामी वुद्धमार्गीका त्रिरत्न हुन्। तिनको अनुशरण गर्ने वुद्धमार्गीको देशमा धम्म वा धर्म निरपेक्ष भन्नाले के बुझिन्छ ? त्रिरत्नको चिन्तनमा धम्म निरपेक्षको अर्थ के हुन्छ ? धम्मअनुसार काम गर्ने वुद्धमार्गीको अभ्यासमा के असर पर्छ ? के हामीले यस बारेमा खोजी गरेका छौं त ? प्राकृतिक नियमलाई धर्म भन्ने हिन्दूले महिलाको मासिक धर्मको अर्थ बुझेका छौं त ? खालि वृहस्पतिको चार्वाक दर्शन पो बुझ्यौं कि त ? कार्लमार्क्सको वाक्य "धर्म दमितहरूको सुस्केरा हो। पाषण हृदयीहरूको मुटु हो। आत्माहीनहरूको आत्मा हो। जनताको अफिम हो" भन्ने कुरामात्र सिक्यौं कि त ? त्यही सिको बोके बोकाएर धर्म निरपेक्ष र सापेक्षको कुरा गर्नेहरूले धर्म केलाई भने छन् भनी मूलग्रन्थ पो पढेनौं कि त ? अर्थात् रैथाने धर्मग्रन्थहरूले केलाई धर्म भनेछन् ? केलाई पन्थ मानेछन् भनी पर्गेल्ने काम पो गरेनछौं कि त ? विपीका अनुयायीहरू यसरी गरिरिएका छौं त ? धर्मग्रन्थहरूमा खोजेका छौं त ?

रैथाने शास्त्रहरूको अध्ययनले भन्छ तिनमा कतै धर्म छ। कतै पन्थ छ। धर्म प्राकृतिक नियम हो। पन्थ सामाजिक नियम हो। यो भेद नबुझ्ने तथा नबुझाउने हामीले धार्मिक तथा पन्थीय समावेशीता सुनिश्चित गर्नसक्छौं त ? विपीकै चिन्तनमा पनि उनी अलमलिएका देखिन्छन्। उनको अलमले भनाइ हो -म मन्दिरमा गएर पार्थना गर्दिन। मन्दिर जानेले पनि ईश्वरमा विश्वास गरेझैं लाग्दैन। विपीको यो भनाइले उनी धर्म र पन्थलाई एउटै मान्छन् भन्ने जनाउँछ। आफूलाई नास्तिकको कित्तामा राख्छन् भन्ने बुझिन्छ। अरूको आस्थामा विरोध पनि गर्दैनन भन्ने देखिन्छ। उनको तीन घुम्ती र सुम्निमाको अनुशीलनले यो कुरा सावित गरेको छ।

हिन्दू पुर्खाको चिन्तन भने भिन्न छ। उनीहरूले धर्म र पन्थमा भेद जानेका छन्। अर्को शब्दमा भन्दा ऋग्वेदको १.१०५.१२ः १. १६४.४३ः १०.८५.१ः १०. ९०. १६ पढे धर्मको अर्थ बुझिन्छ। त्यो अर्थ हो धर्म भनेको व्रह्माण्डीय नियम हो। जनबोलीमा प्रकृतिक नियम हो। अहिलेको सोचमा वातावरणमैत्री बन्ने चिन्तन हो। अथर्ववेदको ६.५१.३ पढे पनि सोही कुरा जानिन्छ। यजुर्वेदको वाजसनेयी संहिता १०.७ः २२.२२ः सतपथ व्राह्मण, १.१.२.१३ः १.७.२.१३ः ११.५.७.१, १४.३.२.१, तैत्तेरियोपनिषदको १.८.१६ः २.५.५, मुकुन्दोपनिषदको १.२.१बारे जानकारी राखे पनि यो कुरा बुझिन्छ। सामवेदको १.३.४, १.५.१, २.८.१ पूर्वार्चिकाको १.१.१, ताण्ड्य व्राह्मणको ६.९.४, ९.४.३ उत्तर्चिकाको २.६.३, पञ्चविंस व्राह्मणको ७.१.२, जैमिनीय व्राह्मणको १.१.१० पढे पनि थसमा थप ज्ञान हुन्छ। यी दस्तावेजले भनेअनुसार धर्म भनेको ऋत हो। जिम्मेवारी हो। व्रह्माण्डीय नियम हो। यी कुरा बुझे पो हामीमा अन्तरधर्म समावेशी बन्ने तागत हुन्थ्यो। यस्ता स्थितिका हामीले धार्मिक समावेशीता सुनिश्चित गर्छौं त ? रैथाने धार्मिक आस्थामा पहिचान खोज्ने नेपालीले धर्म र पन्थ छुट्याउन सक्छौं त ? मार्क्सले आदेशात्मक वाइवल (command religion) पढेर बने बनाएको सोचमा प्रश्न गर्नसक्छौं त ? उनले पनि विपीलेझैं पन्थलाई पो धर्म भनेछन् भन्ने जानकारी लिन सक्छौं त ? मार्क्सले हाम्रा रैथाने धर्मशास्त्र पढेका थिए र भन्ने प्रश्न गर्नसक्छौं। हामीलाई एशियन बार्बारिक भनेर माक्सले चिन्थे र चिनाउथे भन्ने जान्न सक्छौं। अनि मार्क्सको दर्शन बोकेर धर्म निरपेक्ष र सापेक्षको कुरा गर्न मिल्छ र भन्ने कुराको चर्चा नि गर्नसक्छौं। विपीकै मोदी आइन एवम् हिटलर र यहुदीजस्ता किताबबाट उनले पनि वेद तथा उपनिषदले बुझे बुझाएका धर्म र पन्थको गहिराइ सोचेका थिए र भनी प्रश्न गर्नसक्छौं। उनले धर्म व्यक्तिको रुचि हो भनेको कुराबाट पनि विपी पन्थ र धर्मको भेद जान्दैनथे भन्न सक्छौं। यी र यस्ता

संवादले नेपालका रैथाने धार्मिक ग्रन्थहरूमा कहाँ धर्मको कुरा छ कहाँ पन्थको कुरा छ भन्ने बारेमा आजका युवा र भोलिका सन्ततीलाई जानकार बनाउन सक्छौं । विपीलाई पनि समालोचकीय आँखाबाट हेर्ने संस्कृति बनाउँन सक्छौं ।

## भाषिक शिक्षामा विपी

भाषिक समावेशीता अहिलेको आवश्यकता हो । नेपालको २०८० को जनगणनामा ११४ भाषाहरू देखिन्छन् । भाषा आयोगले १३१ भाषाको सूची बनाएको छ । भाषाविद् अमृत योञ्जनले १४५ भाषा छन् भन्नुभएको छ । यो स्थितिमा भाषा आयोगले प्रदेश तथा पालिकामा कुन भाषाको बहुमत छ त्यसलाई कामकाजी भाषा बनाउँने सोच दिएको छ । एक अर्थमा भारतीय भाषिक अभ्यासको पुनरोक्ति गरेको छ । नेपालको भाषिक संरचनाले प्रत्येक ४ वर्गकिलोमिटरमा भाषा तथा संस्कृति बदलिन्छ भनेको छ । नेपालको संविधानको धारा ३१.५ ले मातृभाषालाई माध्यम भाषाको रूपमा अध्ययन गर्न पाउने हक सुनिश्चित गरेको छ । विपी आफैं पनि बहुभाषी थिए । नेपाली, हिन्दी, वंगाली, अङ्ग्रेजी, फ्रेञ्च र रसियन भाषाका ज्ञाता । भाषिक समावेशी बन्ने कुरामा पनि सजग थिए । यहींनेर प्रश्न उठ्छ नेपाली काङ्ग्रेसले भाषालाई माध्यमको रूपमा हेर्ने कि ? विषयको रूपमा हेर्ने कि ? भाषा आयोगले पालिकालाई दिएको जानकारीका आधारमा भारतका प्रान्तमा झैं पालिकापिच्छे बहुमतका भाषामा सबै विषय पढाउँने कि ? सबै भाषाको विकास तथा बिस्तार गर्ने कि ? यसबारे नेपाली काङ्ग्रेसले मन्थन गरेको छ त ? पालिका तहमा । प्रदेश तहमा । संघीय तहमा । एकअर्काका भाषा सिक्ने सिकाउने अभ्यास गरेको छ त ? तिनको विकासका लागि कुनै खाका बनाएको छ त ? यो काम नैं नगरी कसरी भाषिक समावेशी बन्न सकिएला ? विपीका अनुयायीले सोच्नुपर्ने विषय हो कि त ?

## जात जातीयताको शिक्षामा विपी

विपी जात जातीय तथा क्षेत्रीय संघ संस्थाका पक्षधर थिएनन् । उनले भनेका थिए जातपात मान्दैनौं भात भताहाको खुशी हो । उनको भनाइ र नेपाली काङ्ग्रेसको जात जातीगत संघ सङ्गठन बनाउने अभ्यासमा तादात्मता छ र ? त्यस्तैगरी भैरव रिसाल (२०७६) ले उहिलेको नेपालमा विपीको पालाका मन्त्री मण्डलको चर्चा गरेका छन् । त्यस क्रममा उनले भनेका छन् - अहिलेको संविधानमा समावेशी (Shore, 2011; https://dictionary.cambridge.org/dictionary/english/inclusiveness) चिन्तन छ । बजारमा त्यही कुरा छ तर समावेशीको कुरा नभनी विपीको मन्त्रीमण्डल समावेशी छ । समावेशिताको रट लगाउँनेहरूको मन्त्री मण्डल भने असमावेशी छ । यहींनेर नेपाली काङ्ग्रेसले जातका सङ्गठन बनाएका छौं । जातिका सङ्गठन बनाएका छौं तराई काङ्ग्रेस, पहाडी काङ्ग्रेस, हिमाली काङ्ग्रेस पनि बनाउँन नचाहने विपीको सोच बोकेको नेपाली काङ्ग्रेस र तिनका भातृ तथा शुभेच्छुक सङ्गठन जातगत छन् । जातिगत छन् । भूगोलगत छन् । त्यसो भए ती समावेशी भए त ? हुन सक्लान त ? यही सोच बोके बोकाएका शिक्षकहरू समावेशी हुन्छन् त ? बरु जात, जाति, धर्म क्षेत्रका पो हुने हुन कि त ? त्यसमा पनि अहिले लैङ्गिक समावेशी, अपांङ्गताको समावेशीजस्ता खण्डित समावेशी चिन्तन हावी भएको छ । यो स्थितिमा मधेशकी, दलित, अपाङ्गता भएकी केटीको केसमा के के समावेश गर्नुपर्ला ? भाषिक, भौगोलिक, लैङ्गिक, जातजातीय, अपाङ्गता, यसरी सोच्ने तागत राजनीतिक दलपिच्छे बनेका जात जातीय, क्षेत्रीय, लैङ्गिक, अपाङ्गता, भाषिक आदि समूहसँग हुन्छ त ? स्कूल, कलेज तथा विश्वविद्यालयमा बने बनाइएका जात जातिपिच्छेका दलीय संघ सङ्गठनको उपस्थिति विपीको शिक्षाको अङ्ग हो र ? हुनसक्छ र ? यस कुरामा नेपाली काङ्ग्रेसको नेतृत्व घोत्लिएको छ र ?

## सामाजिक समताको शिक्षामा विपी

पहुँच, अवसर तथा नतीजामा सामाजिक समता खोजिन्छ (NCES, 2023; UNESCO, 2020; OECD, 2021)। संविधानको धारा ३१ ले त्यही समता खोजेको छ। त्यसलाई कार्यान्वयन गर्न बनेको अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ पनि छ। त्यसको दफा १९अनुसार २०८४ को अन्त्यमा कक्षा ८ बराबरको शैक्षिक योग्यता नभएका व्यक्तिले नागरिकता, सरकारी सुविधा तथा नोकरी पाउन्नन भन्ने व्यवस्था छ। यो कुरा बुझेको विपीको नेपाली काङ्ग्रेसले आफूले जितेका ३२९ पालिकामा संविधानको धारा ३१ लागु गरेको छ त ? अनिवार्य तथा निशुल्क शिक्षा एन लागु गरेको छ त ? पूर्व प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका अध्यक्ष शेरबहादुर देउवाको कदमजम (कर्णाली, दलित, महिला, जनजाति तथा मधेशी) लागु गरेको छ त ? नेपालको संविधानकै धारा २४, ४० तथा ५१ को जको क लागु गरेको छ त ? लागु गरेनन् भने विपीले भनेको शिक्षाबाट सामाजिक समता (Anderson, 1983: https://www.justice.gov.za/trc: https://www.un.org/en/observances/national-unity-day) खोज्ने काम गरिएको छ भन्न मिल्छ त ? नेपाली काङ्ग्रेसले जितेका पालिकामा विपीको "जातपात मान्दैनौं भात भताहाको खुशी" भन्ने २००७ सालको क्रान्तिको नारा कार्यान्वयन गरिएको छ त ? यी र यस्ता कुरालाई शिक्षाको अङ्ग बनाइएको छ त ? नेपाली काङ्ग्रेसले जितेका कुनै पालिकाले यो कुरालाई स्कूल तथा कलेजका कार्यक्रमको अङ्ग बनाएका छन् त ? यस्ता प्रश्नको उत्तर हामी कसैसँग छ त ? छैन भने हामीले विपीको शिक्षा लागु गरेका छौं त ?

## राष्ट्रिय एकतामा विपीको शिक्षा

राष्ट्रिय एकता (Sharma, 2014; Hagan, 2010; Lawoti, 2007) ले साझा पहिचान खोज्छ। आपसी सद्भाव खोज्छ। सामुहिक सौहार्दता खोज्छ। विपी यो कुरामा सचेत थिए। उनले नेपालको बहुलवाद बुझेका थिए। समावेशिताको समस्या चिनेका थिए। शैव, साख्य, वुद्ध दर्शनहरूको देश, वुद्धकै जन्मभूमि, पुर्खाको तपोभूमि, सगरमाथाको देश, सुन्दर प्रकृति एवम् संस्कृतिको देश भन्ने कुरा नैं हाम्रो राष्ट्रिय पहिचान हो। विपीका साहित्यिक तथा राजनीतिक दस्तावेजहरूले प्रकारान्तमा यो कुरा भनेका छन्। यही पहिचानका लागि शिक्षा तथा दीक्षा हुनुपर्छ भन्ने अडान पनि लिएका छन्। अहिलेको जातजातीको विभाजन, आर्थिक विभाजन, दर्शनहीन राजनीतिक अभ्यासले राष्ट्रिय एकता प्रवर्धन गर्छ त ? जय नेपाल भन्न पनि नसक्ने दलीय फाटोले दिने सन्देश के हो ? नेपाल प्रजा परिषद जय नेपाल भन्न सुरु गरेकोले हो त ? नेपाली काङ्ग्रेसको मुक्ति सेनाले निरन्तरता दिएकोले हो त ? हालका शैनिक तथा प्रहरीले पनि जय नेपाल भनेकाले हो त ? राजाहरूले जय नेपाल भन्ने गरेकाले हो त ? पुष्पलालले जय गोरखा कि जय नेपाल भनी लेखेको लेख (पाण्डे, २०८१) नपढेर हो त ? आफूलाई क्रान्तिकारी देखाउन पुष्पलालको भनाइ नस्वीकारेको हो त ? नेपाली काङ्ग्रेसले जय नेपाल भनेकाले हो त ? राष्ट्रिय गानमा जय जय नेपाल भन्न चाहिं मिल्ने जय नेपाल भन्न नमिल्ने हो त ? यस्तै सोचेर होला कसैलाई अभिवादन भन्न सिकाइन्छ। कसैलाई सलाम। कसैलाई जय मधेश। नेपालमा बसेर पनि टुक्रिनैं बल गर्ने नियत भएका राजनीतिक दलहरूले विपीले भनेको राष्ट्रिय एकताको शिक्षा दिएका छन् त ? भविष्यमा देलान त ? यो स्थितिमा नेपाली काङ्ग्रेसको शिक्षा के हुन्छ ? विपीले दिएको राष्ट्रियताको शिक्षा के हुन्छ ? राष्ट्र भनेको मान्छे हो भन्ने विपीको सन्देशलाई टुक्रे राजनीतिक दलहरूले एकत्रित गर्नसक्छन् त ? गराउन सक्छन् त ? नेपाली काङ्ग्रेसले जितेका पालिकाहरूमा यसबारे संवाद भएको छ त ?

## आर्थिक विकासको शिक्षामा विपी

विपी मानव केन्द्रित विकासका पक्षधर थिए । उनले इ एफ सुमेकरको स्मल इज ब्युटिफूल पनि पढेका थिए । उनी प्रजातान्त्रिक समाजवादको वकालत गर्थे । व्यक्तिगत स्वतन्त्रताको । वाक स्वतन्त्रताको । राज्यको कमसेकम हस्तक्षेपको । त्यसैले उनले भारत, अमेरिका तथा रुसको विकासलाई मोडेल मान्न सकिँदैन भने । मध्यमवर्गीको जस्तो आत्मनिर्भर तथा दिगो अर्थतन्त्रको वकालत गरे । लाँने र ल्याउने चीज नहुँदा खाली ट्रक हिँड्ने बाटो खनेर के गर्ने भने । आर्थिक विकास गर्दा सामाजिक न्याय अनिवार्य हुनुपर्छ भने । जसको जोत उस्को पोत हुन्छ भने । भारत र चीनबिचको समदूरीको मित्रता कायम गरे । साझा प्रकाशनले छापेका उनका साहित्यिक कृति तीनघुम्ती (सन १९६८) र सुम्निमा (सन १९६९)मार्फत उनले यी कुराको वकालत गरे ।

अहिले हामी उदार अर्थनीति, खुला बजार, ठूला उद्योग, शिक्षा तथा स्वास्थ्यको निजीकरणजस्ता कुरा गरिरहेका छौं । नेपाली काङ्ग्रेसको अहिलेको यो नीतिले विपीको सोचलाई बोकेको छ त (UN-OHRLLS, 2021; World Bank, 2022; UNDP, 2022) ? यो अवस्थामा नेपाली काङ्ग्रेसको शिक्षा नीतिमा विपीको सोच छ भन्न सकिन्छ र ? बरु विपीको सोचको विपरित छ पो भन्ने हो कि त ? यस्ता कुरामा नेपाली काङ्ग्रेसले आफनो स्थिति स्पष्ट पार्नुपर्ने हैन र ? विपीकै पक्षधर हुने हो भने कमाउँदै पढ्दै वा पढ्दै कमाउँदैजस्ता सोच नेपाली काङ्ग्रेसले जितेका पालिकामा हुनुपर्ने हैन र ? नेपाली काङ्ग्रेसले जितेको इलामको रोङ गाउँपालिकाको मणि कुमार सुब्बाको अनिवार्य विद्यार्थी बचत, सबै विद्यार्थीलाई अनिवार्य रूपमा कमाउने सिपजस्ता कुरा सबै पालिकामा लानुपर्ने हैन र ? युवाहरूलाई नेपालमैं सम्भावना देखाउनुपर्ने हैन र ? के बेचे पैसा कमाउन सकिन्छ भनी संवाद गर्नुपर्ने हैन र ? युवाले खोजेका सुविधा दिएर लामो अवधिमा मोर्टगेजमा तिराउँने पश्चिमी देशका अभ्यासलाई कार्यान्वयन गर्नुपर्ने हैन र ?

युवा बेरोजगारी अहिलेको समस्या हो । यसका लागि जर्मनी तथा फिनल्याण्डले जस्तो सिप र सस्तो पढाइका अभियान चलाउन सकिन्न र ? स्कूल, कलेज तथा विश्वविद्यालय तहमा अमेरिकामा जस्तो तरेलीमा पढ्ने (second chance education system) प्रबन्ध गर्न मिल्दैन र ? यूरोपियन युनियनले जस्तो पढाइ, सिप शिक्षा र रोजगारी जोडन नसकिने हो र ? यस बारेमा संघीय सरकार राजनीतिक दल तथा पालिका सरकारमा काम हुनुपर्ने हैन र ? युवा रोजगारीका लागि पालिका पालिकामा स्टार्ट अप फण्डिङ्गका लागि कोष स्थापना गर्न सकिँदैन र ? उत्पादन तिमी गर बजारको प्रबन्ध म गर्छु भनी पालिकाले ग्यारेण्टी गर्न सक्तैनन् र (कोइराला, २०७८)? नेविसंघमा आबद्ध गरे गराइएका दलीय युवाहरूलाई पश्चिम अष्ट्रेलियायी सरकारले जस्तोगरी युवा सांसदको अभ्यासबाट राजनीतिमा जोडने, सिप शिक्षाबाट कमाइमा जोड्ने र तरेली शैक्षिक व्यवस्थापनबाट पढाइमा जोडने काम गर्न सकिन्न र ? दलैपिच्छे आबद्ध गराइएका युवाहरूलाई विपीले भनेझैं पढाइ, कमाइ र राजनीतिक अभ्यासमा एकसाथ लाने प्रबन्ध गर्न गराउन सकिदैन र ? युवा रोजगार तथा युवा ग्यारेण्टी (youth employment, youth guarantee or NEET statistics)जस्ता वेभसाइटबाट सिक्न मिल्दैन र ? नेपालमैं रोजगारीको सम्भावना खोज्ने (datahomenepal.org) जानकारीमूलक ड्यासबोर्डबाट युवा रोजगारीका उपाय पहिल्याउन सकिँदैन र ? विदेशिएका नेपालीको ज्ञान, सिप, प्रविधि, पैसा वा मानिससँग स्वदेशका युवा जोडन मिल्दैन र ? त्यसो गर्न केले रोक्थ्यो र ?

## विपी र एक्काइसौं शताब्दीले खोजेको शिक्षा

विश्वले कस्तो अपेक्षा गरेको छ शिक्षामा ? Trilling & Fadel (2009)अनुसार हर विद्यार्थीमा समालोचकीय क्षमता हुनुपर्छ । समस्या समाधान गर्ने तागत हुनुपर्छ । सहकार्य गर्ने तथा संवाद गर्ने हैसियत हुनुपर्छ । सिर्जनशीलता तथा नवप्रवर्तनात्मक क्षमता हुनुपर्छ। डिजिटल साक्षरता हुनुपर्छ। यसका लागि विद्यार्थी केन्द्रित तथा व्यक्तिमुखी शिक्षण हुनुपर्छ (OECD, 2018)। अगुमेण्टेड, भच्युयल तथा मिक्सड रियालिटीको उपयोग गर्न जान्नुपर्छ। आफ्नो तथा विश्व संस्कृति जोड्न सक्ने हुनुपर्छ (Boix Mansilla & Jackson, 2011०। दिगो सामाजिक जिम्मेवारी (UNESCO, 2017) लिन सक्ने हुनुपर्छ। आजीवन सिकाइ (Bughin et al., 2018० मा प्रवृत्त हुनुपर्छ। यो आँखाबाट हेर्दा विपीको सोचभन्दा अझ अगाडि जानुपर्ने देखिन्छ। त्यसको सहज कारण हो पुस्तागत परिवर्तनले ल्याएको अवसर। आधुनिक प्रविधिले ल्याएको असर। अमेरिकी अध्ययनले भन्छ-सन १९४६ देखि सन् १९६४ को पुस्ताले १० देखि १५ प्रतिशतलेमात्र एमएसम्म पढे । सन् १९८१ देखि २०१२ सम्मका पुस्ताले ४० प्रतिशतभन्दा बढीले एमएसम्म पढे । सन् २०१३ पछिका अल्फा पुस्ताले पढनेभन्दा बढी स्क्रीनमा समय बिताए । तिनले पुरानो पुस्ताभन्दा १० देखि २० प्रतिशतसम्म पढाइमा ध्यान कम गरे । सन् २०२५ पछिको बेटा पुस्ता त प्रविधिमैं जन्मदै छ। यो पुस्ताले सोच्नु त पर्ला तर सम्झनु पर्दैन। यी कुराहरूलाई ध्यनमा राख्ने हो भने नेपाली काङ्ग्रेसले विपीभन्दा बाहिरिनुपर्नेहुन्छ । अहिलेको पुस्ताले पढेन हैन हामीले अन्तरपुस्तेनी शिक्षा दिने सोच नैं ल्याएनौं भन्नुपर्छ।

हाम्रा देशमा भएका मुन्धुम, ल्हुताँ फ्हैंता, गुरुबक जलमौकी, त्रिपीटक, वेद, उपनिषद, महाभारत, गीता रामायणजस्ता ग्रन्थका ज्ञान निषेध गर्ने हामी नैं हौं । आधुनिकीकरण तथा पश्चिमीकरणमा फरक नजान्ने र नसिकाउँने पनि हामी नैं हौँ । अर्थात् आधुनिकीकरणले आफनो जगमा टेक्छ तर पश्चिमीकरणले अरूको नक्कल गर्छ (Eisenstadt, 2000) भनी हामीले भनेनौं भनाएनौं। यसरी बुझ्ने हो भने हामीले हाम्रा शास्त्रीय ज्ञानमा के के छ भनी नेपाली काङ्ग्रेसले खोजेको छ त ? रैथाने ज्ञानमा के के छ भनी खोजेको छ त ? कुन प्रक्रियाबाट ती ज्ञान बनेछन् भनी शोध गरेको छ त ? गराएको छ त ? पश्चिमी ज्ञानसँग त्यसको अन्तरसम्बन्ध के छ भनी पहिचान गरेको छ त ? अलिकति किताबमा पढ । अलिकति बाजेबज्यैसँग सिक । अलिकति शिक्षक तथा प्राध्यापकसँग सिक। अलिकति छरछिमेकसँग सिक। अलिकति नेटमा सिक। सबै जोडेर आफ्नो वुद्धि बनाउ भन्ने कुरामा नेपाली काङ्ग्रेसको अभियान चलेको छ त ? जनताका घरका भित्तालाई शिक्षाको पाटी बनाएको छ त ?

प्रविधिमैत्री युवाहरू छन्। तिनको ज्ञान बटुल्न तथा तिनलाई सघाउन नेपाली काङ्ग्रेसकै ड्यासबोर्ड बनेको छ त ? त्यस्ता ज्ञान संकलक ड्यासबोर्डबाट अहिलेको पुस्तालाई रोजगारी दिन सकिन्छ भन्नेबारे नेपाली काङ्ग्रेस सचेत छ त ? यी प्रश्नहरूले एक्काइसौं शताब्दीको शिक्षाको स्वरूप खिचेको हुन्छ। यस्ता कुरामा पालिका, प्रदेश तथा संघीय तहका नेपाली काङ्ग्रेस नेतृत्वको ध्यान गएको छ त ? यस्ता कुरामा ध्यान नदिंदा हिजोको सोचमा हिडनु पर्नेहुन्छ। अनि हिजोको सोचमा आजको जनसमुदाय चल्छ त ?

अहिलेकै अभ्यासले भन्छ-हामी पश्चिमीकरणतर्फ लागेका छौं । आधुनिकीकरण हाम्रो रहरमात्र बनेको छ । यथार्थले देखाउँछ कि आधुनिकीकरणले पहिचान दिन्छ । पश्चिमीकरणले अफ्रिकी नियत भोग्नुपर्छ (Lepholisa, 2025; scholarblogs.emory.edu, 2014) पहिचानहीन। अहिले तिनको आफ्नो धर्म गयो। संस्कृति गयो। आफ्नोपना गयो। उनीहरू होमी भाभा (Bhabha, 1994) को वर्णशंकरीय तरिकाबाट अस्तित्त्व

बचाउने क्रममा छन् । त्यसले आफ्नोपना बचाउँछ त (Acheraiou, 2011) । आधुनिकीकरण हुन्छ त ? नेपाली काङ्ग्रेसले यी कुरामा चिन्तन गरेको छ त ? अवधारणा बनाएको छ त ? यसरी हेर्दा हामी आफ्नो गर्विलो इतिहास, धर्म, संस्कृति, भाषा, पहिचान मेटाउन पो लागेका छौं कि त ? आफ्ना जरा आफैंले काटनमा पो उद्यत छौं कि त ? सोच्नुपर्ने विषय बनेको छ। नेपाली काङ्ग्रेसले जितेका पालिकामा यी र यस्ता कुरामा संवाद हुन्छन् त ?

आधुनिक प्रविधि बिस्तारै हावी हुँदैछ। यसले मानिसको सोच्ने तागतमा हमला गर्दैछ। चौथो पुस्ताको कृत्रिम वुद्धिले त मानिसभन्दा बढी सोच्छ भन्ने खतरा आएको छ। यो यथार्थले हकिन्सले देखाएको डरमा समाज बढदैछ। त्यो डर हो -मानिस र रोबर्टको लडाइमा मान्छे हारेमा के होला ? यही प्रश्नको उत्तर खोज्न एलन मस्कले सन् २०५० मा मंगल ग्रहमा १० लाख मानिस पुऱ्याउने रहर गरेका हुन्। मानव बीज बचाउँने अभियान थालेका हुन् । यस्ता प्रविधि पराश्रयी हाम्रो अभ्यासले निम्त्याएका कुरामा नेपाली काङ्ग्रेस कति सजग छ ? सन् २०२० को वर्ल्ड इकोनोमिक फोरमको प्रतिवेदनले भन्छ- रोजगारीमैं स्वचालित प्रविधि बढन सक्छन् । यसो हुँदा दिमागी मानिस बेकार हुन थाल्छन्। मेसिन हावी हुन थाल्छ। काम छिटो होला। मानिसलाई आराम पनि होला। फुर्सद पनि होला। हामी यान्त्रिक पनि हौंला। तब हुने के त ? यसबारेमा पनि नेपाली काङ्ग्रेसले सोच्नु पर्ने हुन्छ। कतै यसबारेमा चिन्तन गरिएको छ त ?

अहिले हामी मेसिन भित्र्याउँने होडमा छौं। यसले उत्पादन बढछ। सूचनाको पहुँच सर्वसुलभ हुन्छ (McKinsey & Company, 2022)। जीवीका सहज हुन्छ। गुणस्तर पनि बढछ तर असमानता पनि बढछ। ओइसिडीको सन् २०२२ को तथ्यांकले भन्छ -नोकरीमा १४ प्रतिशतसम्मको कटौती हुन्छ । अमेरिकन सोसियोलोजी एसोसाएिशनको सन् २०२० को तथ्यांकले भन्छ -डिप्रेशन तथा तनावको दरमा १५ प्रतिशतसम्मको बढोत्तरी हुन्छ। यो स्थितिबारे नेपाली काङ्ग्रेस कति सचेत छ त ?

अहिले भन्ने भाष्य हो -कृषिमा रोजगारी छ। जलस्रोतमा रोजगारी छ। यो रटको मिति पुगिसक्यो। त्यसैले हिजोका रट लगाउने कि भोलिको रोजगारी यसरी मेसिनमय हुन्छ। त्यसका लागि यो तयारी गरौं भन्ने हो। अरू पनि नोकरीका क्षेत्र हुनसक्छन् कि त ? त्यस्ता रोजगारी यसरी हुन्छन् भन्ने कुरा जनमानसमा पुऱ्याउने हो कि त ? यसबारे सोच्नुपर्ने देखिन्छ तर सोचिएको छ त ? अर्थात् भूतबंगला बन्न लागेका घरलाई यसरी होमस्टे बनाउँछौं। बाँझिन लागेको जमीनमा हाल भएका जनशक्ति र मेसिन शक्ति मिलाएर यसरी उत्पादकत्वमा बदल्छौं। बागवानी बनाएर। रिसोर्ट बनाएर। सजीव सँग्रहालय बनाएर। व्यवस्थित सरकारी आवास बनाएर। अब त यस्तो चिन्तन गर्नुपर्ने हैन र ? कतै हामीले यो व्यवस्था गरेका छौं त ? त्यस्तै विश्वबजारमा नवीकरण ऊर्जाको माग छ। यसरी हामी हाम्रा पाइला बढाउँछौं भन्ने हो कि त ? कार्यथलोमा काम गर्ने दिन अब घटतै गए। त्यसैले स्वदेशमैं बसेर अन्तर्देशीय रोजगारी यसरी गर्ने भन्ने कुरा पो खोज्ने हो कि त ? प्रविधिमैं यो यो स्वरूपका कामहरू छन् भन्ने कुराको बारेमा शोध र खोज गर्ने हो कि त ? शिक्षा, सिप र रोजगारी जोडने जर्मनीको अभ्यासलाई बिस्तार गर्ने कि त ? घरघरमैं सिप सिक्ने तथा घरघरबाटै रोजगार हुने कुरा लागुगर्ने अभियान चलाउने कि त ?

अध्ययनहरूले भन्छन् -एक्काइसौ शताब्दीको रोजगारी प्रविधिमा छ। डिजिटल संसारमा छ। विश्व श्रम सङ्गठनको भनाइ हो यो। हरित कार्य र संरक्षण कार्यमा रोजगारी छ। स्वास्थ्य र समाजसेवामा छ। शिक्षा र विकास कार्यमा छ। रैथाने वस्तुको उद्यमीकरणमा रोजगारी छ। सर्जक उद्योगमा रोजगारी छ। यी र यस्ता रोजगारीका

क्षेत्र कहाँ छन् नेपालमा ? केमा छन् नेपालमा ? जस्तो हुम्लाको लिमी गाउँपालिकाले गरेझैं कैलाश पर्वत दर्शन केन्द्र बनाउँने हो भने प्रत्येक हिमाल देखिने भूगोल रोजगारीका केन्द्र बन्न सक्छ । बनाउन सकिन्छ । शेराटन तथा ओबराई समूहले अन्तरदेशीय होटेल चेन बनाएझैं हिमाल पहाड तराइको मोटेल चेन अर्को क्षेत्र हुनसक्छ । यी र यस्ता चिन्तन थुपार्ने ड्यासबोर्ड बनाए पनि डिजिटल रोजगारी बन्नसक्छ । यस बारेमा नेपाली काङ्ग्रेसका युवाले चिन्तन गरेका छन् त ? स्थापित संघीय, प्रदेश तथा पालिका नेतृत्वले यस्ता कुरामा ध्यान दिएको छ त ? यसरी सोचे विस्तारित विपी सोच भन्न सकिन्छ कि त ? मार्क्सको विस्तारित रूप मार्क्सवादी चिन्तक भएजस्तो ।

## निचोड

नेतृत्वले सपना देखाउँछ । त्यो सपना पूरा गर्न उसँग सिँगो दलबल हुन्छ । कार्यकर्ता हुन्छन् । यसरी हेदा विपीले शैक्षिक सपना देखाए तर दलबलले उनको सपनाको कार्यान्वयन गरेन । विपीलाई उद्धरण गर्न पनि छोडेन । यो स्थिति बदल्न प्रत्याभूति (reflection) जरुरी छ । दलका सबै तहका नेताको प्रत्याभूति । यसबाट आगामी बाटो तयार हुन्छ । दोश्रो निचोड हो-अबको युवाले नयाँ खाले रोजगारीको परिकल्पना गर्छ । यो तागतलाई बुझेर सम्भाव्य रोजगारीका पालिकागत ड्यासबोर्ड बन्नुपर्छ । प्रदेशगत ड्यासबोर्ड हुनुपर्छ । तेस्रो निचोड हो -काममा पढने र पढाइमा काम गर्ने अहिलेको आवश्यकता हो । यसका लागि विद्यालय, कलेज तथा विश्वविद्यालय लचिलो बन्नुपर्छ । विद्यार्थीमैत्री । काममैत्री । रहरमैत्री । कोरियाका २ दिन पढने र ५ दिन काम गर्ने स्कूल, कलेज तथा विश्वविद्यालय यसका नमूना हुन् । त्यो नमूना हामीले पनि अपनाउनुपर्छ । त्यस्तैगरी काममा पढेका वा शोध गरेका कुरालाई क्रेडिट आवर्समा बदलिदिने नीतिगत प्रबन्ध चाहिन्छ । चौथो निजोड हो, कामले बजार खोज्छ । बजारको जिम्मा पालिकाले लिनुपर्छ । आफ्नै पसल खोले पनि । मध्यस्थकर्ता बने पनि । इजराइलको किबुज जस्तो कृषिबाट उत्पादन गर्ने । उत्पादनलाई उद्योगमा बदल्ने । उद्योगबाट जन्मेका बस्तुलाई सहकारीमा बेच्ने । सरकारी ढंगका बनाए पनि । निजी ढंगका बनाए पनि । सामुहिक ढंगका बनाए पनि । पाँचौं निचोड हो -उद्यमीले लगानी खोज्छ । स्टार्ट अप मनी । त्यसको निम्ति अनिवार्य व्यक्तिगत वचत एउटा तरीका हो । पालिकाको रिभल्भिङ्ग फण्ड अर्को तरीका हो । ऋण लिन पनि । सहयोग लिन पनि । यसका लागि शिक्षक तथा प्राध्यापकले बुद्धिजीवी नैं बन्नुपर्छ । महाभारतका भिष्म र विदूरजस्ता । नेतृत्वले नमान्नु अलग कुरा हो । नेतृत्वलाई तिमी गल्तीमा छौं । यसो गर भन्न सक्नुपर्छ । यति गर्न सकेमात्र विपीको शिक्षाले काम गर्छ । नेपाली काङ्ग्रेसले नेतृत्वदायी भूमिका प्रदर्शन गर्नसक्छ ।

## सन्दर्भ सामग्री

कोइराला, विद्यानाथ (२०७८)। पालिकाले गर्न गराउन सक्ने कामहरूको बुटी । काठमाडौँ । जनता पब्लिकेशन ।

रिसाल, भैरव (२०७६)। उहिलेको नेपाल । काठमाडौँ । बुक हिल प्रकाशन ।

पाण्डे, विन्दा (२०८१)। भुइँमान्छे । काठमाडौँ । साङ्ग्रिला प्रकाशन ।

Acheraiou, A. (2011). Questioning Hybridity, Postcolonialism and Globalization. Palgrave Macmillan.

Anderson, Benedict (1983). *Imagined Communities: Reflections on the Origin and Spread of Nationalism*. Verso.

Bhabha, (1994). The Location of Culture. Routledge

Boix Mansilla, V., & Jackson, A. (2011). Educating for Global Competence: Preparing Our Youth to Engage the World. Asia Society.

Bughin, J., et al. (2018). Skill Shift: Automation and the Future of the Workforce. McKinsey Global Institute.

Eisenstadt, S. N. (2000). *Multiple Modernities*. Daedalus, 129(1), 1-29.

Hangen, S. (2010). "The Rise of Ethnic Politics in Nepal: Democracy in the Margins." Routledge.

Lawoti, M. (2007). "Looking Back, Looking Forward: Centralization, Multiple Conflicts, and Democratic State Building in Nepal." East-West Center. Discusses ethnic and regional challenges to unity and the role of federalism.

Lepholisa (2025). References a research article on the origins of vocational education in Africa under colonial rule and its lasting legacies

McKinsey & Company (2022). The Future of AI in Supply Chains.

National Center for Education Statistics USA (2023). Report on the achievement of Black and Hispanic students.

National Education Association (NEA) on education equity. nea.org.

OECD (2022). The Future of Work: OECD Employment Outlook.

OECD (2021). Finland's education system.

OECD (2018). The Future of Education and Skills: Education 2030. OECD Publishing.

OECD (2012). *Equity and Quality in Education*. oecd.org.

Shore, L. M., et al. (2011). "Inclusion and Diversity in Work Groups: A Review and Model for Future Research." *Journal of Management*, 37(4), 1262-1289.

The Philosophy of Colonialism: Civilization, Christianity, and Commerce (scholarblogs.emory.edu, 2014).

Trilling, B., & Fadel, C. (2009). 21st Century Skills: Learning for Life in Our Times.

UNDP. (2022). *Human Development Report 2022*. United Nations Development Programme.

UNESCO (2017). Education for Sustainable Development Goals: Learning Objectives. UNESCO Publishing.

UNESCO's work on inclusive education i.e. *Education 2030 Agenda*, unesco.org.

United Nations, Peace, Dignity, and Equality on a Healthy Planet https://www.un.org/en/observances/national-unity-day.

UN-OHRLLS. (2021). *State of the Least Developed Countries 2021*. United Nations.

U.S. Department of Education: *Equity in Education* framework. ed.gov.

UNESCO ( 2020). Global Education Monitoring Report.

World Bank. (2022). *World Development Indicators*. World Bank Group.